सुरूङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
मधुपट्टी, सप्तरी (प्रदेश नं. २, नेपाल)

प.सं.:- २०७७/७८
च.नं.:-

मिति :- २०७७/०४/०५

**विषय : Lab assistant, equipments and Practical material, OJT , Operation cost अनुदान निकासा सम्बन्धमा ।**

श्री मसीलाल जनता मा.वि. कुशहा,
सुरूङ्गा न.पा.-५, सप्तरी ।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७६/७७ मा त्यस विद्यालयलाई शिक्षणसिकाइ सामग्री तथा बुक कर्नर अनुदान अन्तर्गत Lab assistant, equipments and Practical material, OJT, Operation cost व्यवस्थापनको लागि प्राविधिक धारमा अध्ययनरत प्रति विद्यार्थी रू. १५,०००।- का दरले रू. ७,२०,०००।- निकासा गरिएको छ । अनुदान रकम खर्च गर्दा "विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन ( पहिलो संशोधन) निर्देशिका, २०७१" तथा "विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४" बमोजिम विद्यालय व्यवस्थापन समितिबाट अनिवार्यरूपमा निर्णय गराई शिक्षण सिकाइ सामग्री, ल्याब असिस्टेण्टको पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापनको लागि निम्न कार्य गर्नु/गराउनुहुन र सोको बिल/भर्पाइ तथा निर्णयको प्रमाणित प्रतिलिपि यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

तपसिल

१. प्राथमिक तह तृतीय श्रेणीको शिक्षक सरहको १ जना ल्याब असिस्टेन्टको लागि पारिश्रमिक व्यवस्था गर्ने,

२. ल्याबमा प्रयोग हुने दैनिक सामग्री एवम् शिक्षण सिकाइ सामग्री व्यवस्थापन गर्ने ,

३. "व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३" बमोजिमका अन्य कार्य गर्ने ।

हिरालाल राना
नगर शिक्षा अधिकृत

बोधार्थ :

१. श्री नगर प्रमुखज्यू,
सुरूङ्गा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, मधुपट्टी, सप्तरी ।

२. श्री वडाध्यक्ष ज्यू,
..... नं. वडा कार्यालय, ....................... : खर्चसम्बन्धी निर्देशन पालना भए, नभएको नियमित अनुगमन/निरीक्षण गरी सहयोग गर्नुहुन ।

सुरूङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
मधुपट्टी, सप्तरी (प्रदेश नं. २, नेपाल)

प.सं.:- २०७७/७८
च.नं.:-

मिति :- २०७७/०४/०५

**विषय : कार्यसम्पादनमा आधारित अनुदान निकासा सम्बन्धमा ।**

श्री जनता आ.वि. नैनडावर, सुरुङ्गा न.पा.१, सप्तरी
श्री जनमुखी सामुदायिक प्रा.वि. हर्दिया, सुरुङ्गा न.पा.२, सप्तरी
श्री राष्ट्रिय प्रा.वि. लक्ष्मीपुर, सुरुङ्गा न.पा.४, सप्तरी
श्री राष्ट्रिय प्रा.वि. कदमाहा, सुरुङ्गा न.पा.४, सप्तरी
श्री मुसहरनियाँ आ.वि. समसेरपुर, सुरुङ्गा न.पा.८, सप्तरी

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७६/७७ मा त्यस विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान शीर्षकबाट एकमुष्ट अनुदान रकम रू. ५०,०००।- (पचास हजार) निकासा गरिएको छ । उक्त रकमबाट अनिवार्यरूपमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई निम्न कार्य गर्नु/गराउनुहुन र सोको बिल/भर्पाइको प्रमाणित प्रतिलिपि यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

तपसिल

१. विद्यालयले शैक्षिक गुणस्तर सुधारका क्षेत्रहरू पहिचान गरी योजना निर्माण र कार्यान्वयन गर्ने,
२. सिकाइ उपलब्धि बेसलाइन तयार गरी उपलब्धि वृद्धि गर्न प्रवर्तनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने,
३. शिक्षण सिकाइ समय कार्यान्वयन कार्यविधि, २०७४ र विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ कार्यान्वयनको सुनिश्चितता गर्ने ।

हिरालाल राना
नगर शिक्षा अधिकृत

बोधार्थ :
१. श्री नगर प्रमुखज्यू,
सुरूङ्गा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, मधुपट्टी, सप्तरी ।
२. श्री वडाध्यक्ष ज्यू,
...... नं. वडा कार्यालय, ...................... : खर्चसम्बन्धी निर्देशन पालना भए, नभएको नियमित अनुगमन/निरीक्षण गरी सहयोग गर्नुहुन ।

सुरूङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
मधुपट्टी, सप्तरी (प्रदेश नं. २, नेपाल)

प.सं.:- २०७७/७८
च.नं.:-

मिति :- २०७७/०४/०५

**विषय : सिकाइ सुदृढीकरणको लागि प्रोत्साहन अनुदान निकासा सम्बन्धमा।**

श्री राष्ट्रिय प्रा.वि. भुसी महुलिया,
सुरूङ्गा न.पा.-३, सप्तरी।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७६/७७ मा त्यस विद्यालयलाई उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरणको लागि प्रोत्साहन अनुदान रकम रू. २,००,०००।- (दुई लाख) निकासा गरिएको छ। उक्त रकमबाट अनिवार्यरूपमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई निम्न कार्य गर्नु/गराउनुहुन र सोको बिल/भर्पाइको प्रमाणित प्रतिलिपि यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ।

तपसिल

१. विद्यालयले शैक्षिक गुणस्तर सुधारका क्षेत्रहरू पहिचान गरी योजना निर्माण र कार्यान्वयन गर्ने,
२. सिकाइ उपलब्धि बेसलाइन तयार गरी विद्यमान उपलब्धिमा थप वृद्धि गर्न र आफ्ना असल अभ्यासहरू न्यून सिकाइ उपलब्धि भएका विद्यालयहरूलाई आदानप्रदान गर्नका लागि प्रवर्तनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने,
३. शिक्षण सिकाइ समय कार्यान्वयन कार्यविधि, २०७४ र विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ कार्यान्वयनको सुनिश्चितता गर्ने।

हिरालाल राना
नगर शिक्षा अधिकृत

बोधार्थ :
१. श्री नगर प्रमुखज्यू,
सुरूङ्गा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, मधुपट्टी, सप्तरी।
२. श्री वडाध्यक्ष ज्यू,
...... नं. वडा कार्यालय, ...................... : खर्चसम्बन्धी निर्देशन पालना भए, नभएको नियमित अनुगमन/निरीक्षण गरी सहयोग गर्नुहुन।

# सुरूङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
### मधुपट्टी, सप्तरी (प्रदेश नं. २, नेपाल)

प.सं.:- २०७७/७८
च.नं.:-

मिति :- २०७७/०४/०५

**विषय : आर्थिक वर्ष २०७६/७७ को अनुदान निकासा सम्बन्धमा ।**

श्री सबै सामुदायिक विद्यालयहरू,
सुरूङ्गा नगरपालिका, सप्तरी ।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७६/७७ को लागि सामुदायिक विद्यालयहरूलाई आधारभूत तथा माध्यमिक तहमा कार्यरत शिक्षकका लागि तलब भत्ता, विद्यालय क्षेत्र विकास कार्यक्रम शीर्षकमा अनुदान रकम उपलब्ध गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठ्माण्डौबाट यस नगरपालिकालाई वित्तीय समानीकरण अनुदानको रूपमा प्राप्त सशर्त अनुदान शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७६/७७ बमोजिम यसैसाथ संलग्न विभिन्न शीर्षकमा अनुदान रकम निकासा गरिएको छ ।

शिक्षा ऐन/नियम, आर्थिक ऐन/नियम, निकासा सम्बन्धी परिपत्र तथा निर्देशन बमोजिम खर्च गरी विधिपूर्वक लेखा राख्ने व्यवस्था हुन अनुरोध छ । खर्चसम्बन्धी निर्देशनका सम्बन्धमा अनिवार्यरूपमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समिति लगायत शिक्षक स्टाफहरूको संयुक्त बैठक डाकी छलफल गर्नुका साथै सामाजिक परीक्षण गराई खर्चको बिल भर्पाइको १/१ प्रति प्रमाणित प्रतिलिपि र संयुक्त बैठकको निर्णय प्रति समेत २०७७ भदौ मसान्तभित्र नगरपालिकामा पेश गर्नुहुन अनुरोध छ ।

हिरालाल राना
नगर शिक्षा अधिकृत

बोधार्थ :
१. श्री नगर प्रमुखज्यू,
सुरूङ्गा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, मधुपट्टी, सप्तरी ।
२. श्री वडाध्यक्ष ज्यू,
...... नं. वडा कार्यालय, ...................... : खर्चसम्बन्धी निर्देशन पालना भए, नभएको नियमित अनुगमन/निरीक्षण गरी सहयोग गर्नुहुन ।

# सुरूङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
### मधुपट्टी, सप्तरी (प्रदेश नं. २, नेपाल)


प.सं.:- २०७७/७८
च.नं.:-

मिति :- २०७७/०४/०५

**विषय :- विद्यालय अनुदान निकासा र खर्च सम्बन्धमा ।**

श्री सबै सामुदायिक विद्यालयहरू,
सुरूङ्गा नगरपालिका, सप्तरी ।

उपर्युक्त विषयमा आ.व. २०७६/७७ मा यस नगरपालिकाबाट सशर्त अनुदानको रूपमा त्यस विद्यालयलाई तपसिलमा उल्लिखित शीर्षकमा अनुदान रकम निकासा गरिएको छ । शिक्षा ऐन/नियम/कार्यविधि, आर्थिक ऐन/नियम/कार्यविधि बमोजिम विद्यालय व्यवस्थापन समितिबाट पूर्व स्वीकृति लिई वा त्यसो गर्न सम्भव नभएको अवस्थामा मात्र अनुमोदन गराई तत्तत् शीर्षकमा खर्च गरी विधिपूर्वक लेखा राख्न र सामाजिक परीक्षण एवम् लेखापरीक्षण गराई सोको १/१ प्रति प्रतिवेदन नगरपालिकामा पेश गर्नुहुन अनुरोध छ । खर्चसम्बन्धी निर्देशनका सम्बन्धमा अनिवार्यरूपमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समिति लगायत शिक्षक स्टाफहरूको संयुक्त बैठक डाकी बुँदागत छलफल गर्नुका साथै सामाजिक परीक्षण गराई खर्चको बिल भर्पाइको १/१ प्रति प्रमाणित प्रतिलिपि र संयुक्त बैठकको निर्णय प्रति समेत २०७७ भदौ मसान्तभित्र पेश गर्नुहुन अनुरोध छ ।

तपसिलः

| क्र.सं. | अनुदान शीर्षक | खर्च गर्ने र लेखा राख्ने विधि/प्रक्रिया |
|---|---|---|
| १. | **शिक्षणसिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थापन अनुदान** | १. **प्रारम्भिक बाल विकास** : कक्षाका लागि शैक्षिक सामग्री, बालमैत्री कक्षा व्यवस्थापन गर्न प्रति बालबालिका रू. ५००।- का दरले एकमुष्ठ अनुदान निकासा गरिएको छ । उक्त रकमबाट विद्यालय व्यवस्थापन समितिको निर्णय अनुरूप त्यसै शीर्षकमा मात्र खर्च गर्ने गरी प्रारम्भिक बाल शिक्षा शिक्षकको रायसुझाव लिई प्रारम्भिक बाल शिक्षाको राष्ट्रिय मापदण्डमा उल्लेख भएका सिकाइ सामग्रीहरू जस्तै : ब्लक, पुतली, नरम खेलौना, नरम बल, रिङ, पजल, आदि खरिद गर्ने । बाल शिक्षा कक्षामा रहेका सिकाइ सामग्रीहरूको प्रभावकारी प्रयोगका लागि नियमित अनुगमन, निरीक्षणको व्यवस्था मिलाउने । हरेक वर्ष खरिद गरिएका बाल सिकाइ सामग्रीहरूको विवरण सबैले देख्ने गरी बाल शिक्षा कक्षामा टाँस गरी राख्ने ।<br>२. **कक्षा १-१२** : शै.स. २०७६ को कक्षा १-५, ६-८, ९-१० र ११-१२ को विद्यार्थी संख्याका आधारमा क्रमशः रू. १५०।-, २००।-, २००।- र २५०।- का दरले एकमुष्ठ प्रति विद्यार्थी लागत अनुदान निकासा गरिएको छ । विद्यालय व्यवस्थापन समितिको निर्णयबमोजिम विद्यालय सुधार योजना कार्यान्वयन, शैक्षिक सामग्री व्यवस्थापन, विद्यालय शिक्षाको गुणस्तर सुधार, सामान्य मर्मत सम्भार, सिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थापनको कार्यमा खर्च गर्ने ।<br>३. **निरन्तर विद्यार्थी मूल्यांकन अनुदान** : कक्षा १ मा नयाँ भर्ना भएका प्रति विद्यार्थी रू. १००।- का दरले एकमुष्ठ रकम निकासा गरिएको छ । यसबाट कक्षा १ मा नयाँ भर्ना भएका प्रत्येक विद्यार्थीको पोर्टफोलियो तयार गर्ने, जसमा विद्यार्थीको सिर्जनात्मक कार्य/परियोजना कार्य/व्यवहार परिवर्तन/कक्षा सहभागिता/हाजिरी जस्ता अभिलेख राखी मूल्यांकन गर्ने परिपाटी विकास गर्ने र उक्त फाइल माथिल्लो कक्षामा समेत उपयोग गर्ने, कक्षा १-७ सम्मको व्यक्तिगत सिकाइ योजना निर्माण गरी कार्यान्वयन गर्ने, सिकाइ उपलब्धि र व्यक्तिगत सिकाइ योजना अनुसार सिकाइ सुनिश्चित गर्न सिकाइ लेखाजोखा र उपचारात्मक/सुधारात्मक शिक्षण गर्ने व्यवस्था मिलाउने । नि.वि.मू.अभिलेख फाराम पा.वि.के.को www.moecdc.gov.np मा उपलब्ध छ । |

| क्र.सं. | अनुदान शीर्षक | खर्च गर्ने र लेखा राख्ने विधि/प्रक्रिया |
|---|---|---|
| २. | छात्रवृत्ति (छात्रा तथा दलित) | शै.स.२०७६ मा भर्ना भई कक्षा १-८ मा अध्ययनरत सम्पूर्ण छात्रा तथा दलित विद्यार्थीका लागि रू. ४००।- र कक्षा ९-१० मा अध्ययनरत दलित विद्यार्थीका लागि रू. ५००।- का दरले छात्रवृत्ति रकम निकासा गरिएको छ । नगरपालिकाको निर्देशन एवं आधारहरूलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक संघ, अभिभावक समेतको सहभागितामा विद्यालय व्यवस्थापन समितिले निश्चित आधारहरू तय गरी छात्रवृत्ति पाउने विद्यार्थीहरूको नामावली, छात्रवृत्ति वितरणका आधारहरू र पाउने रकम सहितको विवरण अद्यावधिक गरी अनिवार्य रूपमा सूचना पाटीमा टाँस गर्ने । विद्यार्थी नियमितता बढाउन वर्ग शिक्षकबाट विद्यार्थीहरूको हाजिरी अभिलेख व्यवस्थित गरी प्र.अ.ले प्रमाणित गर्ने र विद्यालय खुलेको दिनको कम्तीमा ७०% हाजिरी हुने छात्रछात्रालाई मात्र वि.व्य.स.को निर्णयानुसार छात्रवृत्ति वितरण गर्ने । कुनै पनि छात्रवृत्ति रकम दोहोरो नपर्ने गरी वितरण गरी सोको समष्टिगत विवरण नगरपालिकामा पठाउने । |
| ३. | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १. **विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान** : कक्षा १-५, १-८, १-१० र १-१२ सञ्चालित विद्यालयहरूलाई क्रमशः रू. १५,०००।-, २०,०००।-, २५,०००।- र ३०,०००।- का दरले अनुदान निकासा गरिएको छ । यस रकमबाट वि.व्य.स.बाट स्वीकृत कार्ययोजना बमोजिम विद्यालय सञ्चालन, व्यवस्थापनका साथै Electronic-based IEMIS (Student Tracking) तयारी र प्रयोगसम्बन्धी सबै कार्यहरू गर्ने । प्रत्येक वर्ष School-based Excel File IEMIS (Student Tracking) नबुझाउने विद्यालयलाई यो रकम उपलब्ध गराइने छैन ।<br>२. **वि.सु.यो. निर्माण, कार्यान्वयन र क्षमता विकास अनुदान** : आधारभूत विद्यालयलाई रू. १५,०००।- र माध्यमिक विद्यालयलाई रू. २०,०००।- का दरले अनुदान निकासा गरिएको छ । प्राप्त रकमबाट सरोकारवालाहरूको सहभागितामा विद्यालय सुधार योजनाका आधारमा तयार गरिएको वार्षिक कार्यान्वयन योजनाको चौमासिक प्रगति समीक्षा गर्ने । विव्यस/शिअसं/अभिभावक/शिक्षक/विद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्न क्षमता विकासका क्रियाकलाप र विद्यार्थीहरूको प्रतिभा विकासका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने । "विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०७४" ले तोकेको ढाँचाका आधारमा विद्यालय सुधार योजना निर्माण वा अद्यावधिक गर्दा आगामी वर्षको वार्षिक कार्यान्वयन योजना अनिवार्य रूपमा निर्माण गर्ने र एक प्रति नगरपालिकामा पठाउने ।<br>३. **सामाजिक परीक्षणरलेखापरीक्षण अनुदान** : आधारभूत विद्यालयलाई रू. १०,०००।- र माध्यमिक विद्यालयलाई रू. १५,०००।- का दरले सामाजिक परीक्षण/लेखापरीक्षण अनुदान निकासा गरिएको छ । यसबाट शिक्षा नियमावली र सामाजिक परीक्षण निर्देशिका बमोजिम सामाजिक परीक्षण तथा लेखापरीक्षण गरी/गराई पारदर्शिता, जवाफदेहिता र विद्यालयमा हुनुपर्ने सबै प्रकारका तथ्यांक एवम् सूचनाहरूको व्यवस्थापन गर्ने । Excel based IEMIS File बमोजिम विद्यार्थी रिपोर्ट कार्ड तयार गर्ने र विद्यालयका मुख्यमुख्य सूचकसहितको सूचना प्रकाशित गरी सरोकारवालाहरूलाई प्रबोधीकरण गर्ने ।<br>४. **मा.वि.मा इन्टरनेट जडान** : सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यवस्थापन गर्ने नीति अनुसार इन्टरनेट जडान गरी सञ्चालनका लागि सबै मा.वि.लाई रू. १२,०००।- का दरले रकम निकासा गरिएको छ । |
| ४. | दिवा खाजा | प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ५ सम्मका विद्यार्थीहरूको लागि प्रतिदिन रू. १५।- का |

| क्र.सं. | अनुदान शीर्षक | खर्च गर्ने र लेखा राख्ने विधि/प्रक्रिया |
|---|---|---|
| | | दरले ९० दिनको रकम निकासा गरिएको छ । अभिभावक आमा समूहको सक्रियतामा विद्यार्थी दैनिक हाजिरीको आधारमा दिवा खाजाको व्यवस्था मिलाउने । "सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६" बमोजिमको विल/भर्पाइ सहितको अभिलेख राखी वि.व्य.स., अभिभावक आमा समूहको निर्णय र विल/भर्पाइको प्रमाणित प्रति नगरपालिकामा पेश गर्ने । |
| ५. | **प्रारम्भिक बालविकास सहजकर्ता पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान** | १. **प्रारम्भिक बालविकास सहजकर्ता पारिश्रमिक** : मासिक ६,०००।- का दरले १३ महिनाको पारिश्रमिक र पोशाक भत्ता रू. १०,०००।- संघीय सरकारको सशर्त अनुदानबाट र नगरपालिकाको स्रोतबाट मासिक रू. १,०००।- का दरले १२ महिनाको थप भत्ता निकासा गरिएको छ ।<br>२. **विद्यालय कर्मचारी व्यवस्थापन अनुदान** : आधारभूत तह कक्षा १-३, १-५, १-८ (१-६, १-७ समेत) सञ्चालित विद्यालयलाई विद्यालय सहयोगी कर्मचारी व्यवस्थापनको लागि क्रमशः मासिक रू. ४,०००।-, ४,५००।- र ७,५००।- का दरले १३ महिनाको तथा माध्यमिक तह कक्षा १-१० वा १-१२ सञ्चालित विद्यालयलाई १ जना विद्यालय सहयोगी कर्मचारी र १ जना विद्यालय सहायक कर्मचारी व्यवस्थापनका लागि सहयोगी कर्मचारीको हकमा मासिक रू. ७,५००।- र सहायक कर्मचारीको हकमा मासिक रू. ११,५००।- का दरले १३ महिना बराबरको अनुदान रकम र पोशाक भत्ता वार्षिक रू. १०,०००।- को दरले निकासा गरिएको छ । |
| ६. | EGRP **न्यूनतम प्याकेज कार्यान्वयन** | सबै विद्यालयलाई रू. ९,०००।- का दरले प्रारम्भिक पढाइ सीप विकासका लागि न्यूनतम प्याकेज कार्यान्वयन अनुदान निकासा दिइएको छ । न्यूनतम प्याकेज अन्तर्गत पढाइ सीप प्रवर्द्धनका लागि शिक्षक तालिम, सिकाइ सामग्री, समुदाय परिचालन, निरन्तर विद्यार्थी मूल्यांकन लगायत राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (NEGRP) दस्तावेज अनुसारका क्रियाकलापमा खर्च गर्नुपर्नेछ । |
| ७. | **शिक्षकको शिक्षण सिकाइ समयावधि सुधार योजना** | शिक्षक विद्यार्थी नियमितता मार्फत शिक्षण सिकाइ समयलाई अधिकतम उपयोग गरी प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकहरूको जवाफदेहिता तथा विद्यार्थी सिकाइ उपलब्धि अभिवृद्धिमा सहजीकरणको लागि "शिक्षण सिकाइ समय कार्यान्वयन कार्यविधि, २०७४" को आधारमा कार्यसम्पादन गर्ने गरी प्रति विद्यालय रू. २,०००।- अनुदान निकासा गरिएको छ । विद्यालयले व्यवस्थापकीय क्षेत्रमा खर्च गर्न कार्यविधि अनुसार कार्यसम्पादन गर्ने गरी विद्यालय व्यवस्थापन समितिले अनिवार्यरूपमा निर्णय गर्नुपर्नेछ । |

हिरालाल राना
नगर शिक्षा अधिकृत

बोधार्थ :
१. श्री नगर प्रमुखज्यू,
सुरूङ्गा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, मधुपट्टी, सप्तरी ।
२. श्री वडाध्यक्ष ज्यू, ..... नं. वडा कार्यालय, ...................... : खर्चसम्बन्धी निर्देशन पालना भए, नभएको नियमित अनुगमन/निरीक्षण गरी सहयोग गर्नुहुन ।

सुरूङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
मधुपट्टी, सप्तरी (प्रदेश नं. २, नेपाल)

प.सं.:- २०७७/७८
च.नं.:-

मिति :- २०७७/०४/०५

**विषय : शिक्षण सिकाइमा ICT को प्रयोगका लागि अनुदान निकासा सम्बन्धमा ।**

श्री जनता मा.वि. खैजनपुर भज्का,
सुरूङ्गा न.पा.-११, सप्तरी ।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७६/७७ मा त्यस विद्यालयलाई **शिक्षण सिकाइमा ICT को प्रयोगका लागि अनुदान** शीर्षकबाट एकमुष्ट अनुदान रकम रू. ६,५०,०००। (छ लाख पचास हजार) निकासा गरिएको छ । उक्त रकमबाट अनिवार्यरूपमा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार निम्न कार्य गर्नु/गराउनुहुन र सोको बिल/भर्पाइको प्रमाणित प्रतिलिपि यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

तपसिल

१. विद्यालयले गणित, विज्ञान र अंग्रेजी विषयका Kits, Networking, Internet आदि व्यवस्था गर्ने,
२. **ICT Lab** व्यवस्थापनको लागि आवश्यक फर्निचर, कम्प्युटर/उपकरण/सफ्टवेयर/विद्युतीय अन्तरक्रियात्मक श्रव्य-दृश्य सिकाइ सामग्रीहरूको व्यवस्था गर्ने,
३. सार्वजनिक खरिद ऐन तथा नियमावली र विद्यालय खरिद दिग्दर्शन अनुसार प्रक्रिया पूरा गरी "सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना सम्बन्धी कार्यविधि, २०७६" मा उल्लिखित निम्नानुसारको कम्प्युटर ल्याव व्यवस्था गर्ने :
   - ❖ कम्प्युटर ८ थान, ल्यापटप १ थान
   - ❖ प्रिन्टर १ थान, फोटोकपी मेशिन १ थान, स्क्यानर १ थान
   - ❖ LCD Projector १ थान, मल्टिमिडिया स्पिकर २ थान ।
४. शिक्षण सिकाइ प्रक्रियामा ICT को प्रयोग गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने,
५. विद्यालय व्यवस्थापन समितिमा छलफल गरी माथि उल्लेख भएबमोजिमको सामग्री खरिद र प्रयोगको प्रबन्ध मिलाउने,
६. नियमित प्रयोग र मर्मत संभारका लागि विद्यालयले व्यवस्था मिलाउने ।

हिरालाल राना
नगर शिक्षा अधिकृत

बोधार्थ :
१. श्री नगर प्रमुखज्यू,
सुरूङ्गा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, मधुपट्टी, सप्तरी ।
२. श्री वडाध्यक्ष ज्यू,
...... नं. वडा कार्यालय, ...................... : खर्चसम्बन्धी निर्देशन पालना भए, नभएको नियमित अनुगमन/निरीक्षण गरी सहयोग गर्नुहुन ।

सुरूङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
मधुपट्टी, सप्तरी (प्रदेश नं. २, नेपाल)


प.सं.:- २०७७/७८
च.नं.:-

मिति :- २०७७/०४/०५

**विषय : माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान निकासा सम्बन्धमा ।**

श्री जनता मा.वि. शिशुवारी,
सुरूङ्गा न.पा.-१, सप्तरी ।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७६/७७ मा त्यस विद्यालयलाई **माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला** शीर्षकबाट एकमुष्ट अनुदान रकम रू. ६,५०,०००। (छ लाख पचास हजार) निकासा गरिएको छ । उक्त रकमबाट अनिवार्यरूपमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई निम्न कार्य गर्नु/गराउनुहुन र सोको बिल/भर्पाइ तथा निर्णयको प्रमाणित प्रतिलिपि यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

तपसिल

१. नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४ (संशोधन, २०७६ सहित) को अनुसूची ६ मा उल्लिखित मापदण्डको आधारमा विज्ञान प्रयोगशाला सामग्री व्यवस्था गरी निर्देशिका कार्यान्वयनको सुनिश्चितता गर्ने ।

हिरालाल राना
नगर शिक्षा अधिकृत

बोधार्थ :
१. श्री नगर प्रमुखज्यू,
सुरूङ्गा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, मधुपट्टी, सप्तरी ।
२. श्री वडाध्यक्ष ज्यू,
...... नं. वडा कार्यालय, ...................... : खर्चसम्बन्धी निर्देशन पालना भए, नभएको नियमित अनुगमन/निरीक्षण गरी सहयोग गर्नुहुन ।